नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा) सिंहदरबार, काठमाडौं ।

फोन नं.: ०१-४२००५११

४२००३०४

पत्र संख्या :- स्था.त.स.शा./फा.सं.-४/०७६/७७

मिति :- २०७६/१२/१०

च.नं. :- ३९०

श्री जिल्ला समन्वय समिति (सबै)

श्री स्थानीय तह (सबै) ।

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत बिषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. ११३ मिति २०७६/१२/०३ को पत्रबाट प्राप्त केन्द्रीय बाल कल्याण समिति र जिल्ला बालकल्याण समितिको चल– अचल सम्पति, दायित्व र कर्मचारी क्रमशः राष्ट्रिय बाल अधिकार परिषद् र जिल्ला सदरमुकाममा रहेको स्थानीय बालअधिकार समितिमा हस्तान्तरण गर्ने सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७६/०३/१२ को निर्णय संलग्न छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको पत्रबाटै थप व्यहोरा अवगत गर्नुभई सोही अनुसार नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनको व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

१२।१०

(चिरन्जीवी नेपाल)

शाखा अधिकृत

<u>वोधार्थ</u> :

श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री सूचना तथा प्रविधि शाखा; **Website** मा **upload** गरिदिनुहुन ।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
(बाल संरक्षण तथा विकास शाखा)

फोन नं : ०१-४२००१६८
फ्याक्स : ०१-४२००११६

प.सः ०७६/७७
च.नं. ११३

२०७६।१२।०३

विषयः आवश्यक समन्वय तथा सहजीकरण सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(स्थानीय तह समन्वय शाखा)
सिंहदरवार, काठमाण्डौ ।

बालबालिका सम्बन्धी ऐन, २०४८ को व्यवस्थानुसार केन्द्रमा केन्द्रीय बाल कल्याण समिति र जिल्लामा जिल्ला बाल कल्याण समिति रहने व्यवस्था भएकोमा बालबालिका सम्बन्धी ऐन, २०७५ जारी भएपछि उक्त समितिहरु खारेज भएको अवस्था छ । साविकका जिल्ला बाल कल्याण समितिको चल-अचल सम्पत्ति, दायित्व र कर्मचारी सम्बन्धित जिल्लाको सदरमुकाम रहेको स्थानीय तहलाई हस्तान्तरण गर्ने सन्दर्भमा जिल्ला बाल कल्याण समितिको सम्पत्ति तथा पूर्वाधार जिल्लाभरका नगरपालिका तथा गाउँपालिकाहरुले उपयोग तथा व्यवस्थापन गर्ने तथा सो कार्यका लागि जिल्ला सदरमुकाममा रहेका नगरपालिका वा गाउँपालिकाका प्रमुखको संयोजकत्वमा व्यवस्थापन समिति गठन गर्ने भनी मिति २०७६/३/१२ मा नेपाल सरकार (मन्त्रिपरिषद) बाट निर्णय भई उक्त निर्णय आवश्यक कार्यान्वयनका लागि स्थानीय तहहरुमा पत्राचार समेत भईसकेकोमा उक्त सम्पत्ति तथा पूर्वाधार व्यवस्थापनको हालसम्मको अवस्थाका बारेमा विवरण सम्वन्धित स्थानीय तहहरु (जिल्ला सदरमुकाम रहेका स्थानीय तहहरु) बाट उपलब्ध गराउने व्यवस्थाका लागि आवश्यक समन्वय तथा सहजीकरण गरिदिनुहुन आदेशानुसार अनुरोध गर्दछु ।

स्थानीय तह समन्वय शाखा
दर्ता नं.:- ८८१
मितिः- २०७६।१२।०५

कृष्ण प्रसाद भूसाल
(उपसचिव)

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

विषय:- केन्द्रीय बाल कल्याण समिति र जिल्ला बालकल्याण समितिको चल-अचल सम्पत्ति, दायित्व र कर्मचारी राष्ट्रिय बाल अधिकार परिषद् र स्थानीय बालअधिकार समितिमा हस्तान्तरण गर्ने ।

प्रस्ताव पेश गर्ने विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति : २०७६/०२/२८

१. विषयको संक्षिप्त व्यहोरा :

बालबालिका सम्बन्धी ऐन, २०४८, को दफा ३२ बमोजिम केन्द्रीय तथा जिल्ला बालकल्याण समितिको गठन भई उक्त समितिहरूले बालअधिकारसँग सम्बन्धित कामकाजहरू गर्दै आएको, बालबालिका सम्बन्धी ऐन, २०७५ जारी भई बालबालिका सम्बन्धी ऐन,२०४८ लाई प्रतिस्थापन गरेको । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ ले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको अध्यक्षतामा तोकिए बमोजिमको एक राष्ट्रिय बालअधिकार परिषद रहने व्यवस्था गरेको र सोही ऐनको दफा ८७ को (३) मा बालबालिका सम्बन्धी ऐन,२०४८ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ भन्ने व्यवस्था भए अनुरुप ऐनको दफा ५९ बमोजिम गठन हुने राष्ट्रिय बालअधिकार परिषदमा हाल कार्यान्वयनमा रहेको केन्द्रीय बाल कल्याण समितिको चल-अचल सम्पत्ति, दायित्व र कर्मचारीलाई सार्न र जिल्ला बालकल्याण समितिको चल-अचल सम्पत्ति दायित्व र कर्मचारीलाई सोही ऐनको दफा ६० बमोजिम गठन हुने स्थानीय बाल अधिकार समितिमा सार्न आवश्यक भएको ।

२. प्राप्त परामर्श र अन्य प्रासंगिक कुरा

साविकको बालबालिका सम्बन्धी ऐन, २०४८, को दफा ३२ बमोजिम केन्द्रीय तथा जिल्ला बालकल्याण समितिको गठन भई कार्यान्वयनमा रहेको । साविकको बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ३२(१) अनुसार नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७२/०४/१४ को निर्णयानुसार नागरिक समाजबाट एक जना सदस्यको नियुक्ति गरिएको। २०७३/०८/१२ मा नागरिक समाजबाट थप एघार जना सदस्यहरूको मनोनयन गरिएको ।बालबालिका सम्बन्धी ऐन, २०७५ मा राष्ट्रिय बाल अधिकार परिषद्को व्यवस्था गरेको र सोको कार्यान्वयनको लागि नियमावली बन्ने क्रममा रहेको। सो परिषद गठन भएसँगै बालकल्याण समितिमा साविकमा नियुक्त / मनोनयन भएका पदाधिकारीहरूलाई पदमुक्त गर्नुपर्ने भएको। नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०४/१८ मा अर्को व्यवस्था नभएसम्मको लागि केन्द्रीय बाल कल्याण समितिलाई निरन्तरता दिने निर्णय भएको । मिति २०७५/०७/२५ को नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय अनुसार केन्द्रीय बाल कल्याण समितिको निरन्तरताको लागि थप कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत भएको । नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/१०/०३ को निर्णयबाट केन्द्रीय बाल कल्याण समितिको कार्यालयबाट सञ्चालित बजेट र जनशक्तिलाई साविक बमोजिम नै आर्थिक वर्ष २०७५/७६ को असार मसान्तसम्म लाई निरन्तरता दिने निर्णय भई कार्यान्वयनमा रहेको । केन्द्रीय बालकल्याण समितिले गर्दै आएको दायित्व, चल-अचल सम्पति र कर्मचारीलाई ऐनको दफा ५९ बमोजिम गठन हुने राष्ट्रिय बाल अधिकार परिषदमा र जिल्ला बालकल्याण समितिले गर्दै आएको दायित्व, चल-अचल सम्पति र कर्मचारीलाई ऐनको दफा ६० बमोजिम गठन हुने स्थानीय बालअधिकार समितिमा सारी संघीय संरचना अनुरुप व्यवस्थापन गर्न आवश्यक भएको ।

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिसः

साविकको बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ३२ बमोजिम गठन भएका केन्द्रीय तथा जिल्ला बालकल्याण समितिले गरेको काम कारवाही र पदाधिकारीहरूको नियुक्ति सम्बन्धमा हाल कार्यान्वयनमा रहेको बालबालिका सम्बन्धी ऐन, २०७५ ले कुनै व्यवस्था नगरेको । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ मा राष्ट्रिय बालअधिकार परिषद् र दफा ६० मा प्रदेश र स्थानीय तहको बालअधिकार समिति सम्बन्धी व्यवस्था भएकोले साविकको बालबालिका सम्बन्धी ऐन, २०४८ बमोजिम गठन भएका केन्द्रीय तथा जिल्ला बालकल्याण समिति खारेज गरी सो समितिमा नेपाल सरकारबाट नियुक्त तथा मनोनयन भएका पदाधिकारीहरूलाई पदमुक्त गरी त्यस्ता समितिमा रहेको चल-अचल सम्पति, दायित्व र कर्मचारीहरू केन्द्रीय बालकल्याण समितिको हकमा राष्ट्रिय बालअधिकार परिषद्मा र जिल्ला बालकल्याण समितिको हकमा स्थानीय बालअधिकार समितिमा सारी आवश्यक व्यवस्थापन गर्न स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न माननीय विभागीय मन्त्रीबाट मिति २०७६/०२/२८ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची १ को विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ।

४. निर्णय हुनुपर्ने व्यहोरा:

(क) साविकको केन्द्रीय बालकल्याण समितिको चल-अचल सम्पति, दायित्व र कर्मचारी राष्ट्रिय बाल अधिकार परिषद्मा हस्तान्तरण गर्ने ।

(ख) साविकको जिल्ला बालकल्याण समितिको चल-अचल सम्पति, दायित्व र कर्मचारी सम्बन्धित जिल्लाको सदरमुकाम रहेको स्थानीय नगरपालिका वा गाउँपालिकालाई देहायबमोजिम संचालन गर्ने गरी हस्तान्तरण गर्ने :-

(१) साविकका जिल्ला बालकल्याण समितिको सम्पति तथा पूर्वाधार जिल्लाभरका नगरपालिका तथा गाउँपालिकाहरूका लागि उपयोग र व्यवस्थापन गर्ने ।

(२) जिल्ला सदरमुकाममा रहेको नगरपालिका वा गाउँपालिका प्रमुखको संयोजकत्वमा जिल्ला भरका नगरपालिका तथा गाउँपालिकाका सबै प्रमुख वा सम्बन्धित गाउँपालिका/नगरपालिकाको प्रतिनिधि पदेन सदस्य रहने गरी व्यवस्थापन समितिको व्यवस्था गर्ने ।

(३) बुँदा २ (ख) बमोजिमको व्यवस्थापन समितिको निर्णयबाट जिल्ला बालकल्याण समितिको चल अचल सम्पति, दायित्व तथा कर्मचारीको व्यवस्थापन गर्ने ।

(४) सो व्यवस्थापन समितिले सम्बन्धित जिल्लामा रहेका सबै नगरपालिका तथा गाउँपालिकाको लागत साझेदारीमा समितिको थप पूर्वाधार विकास तथा संचालन गर्ने । त्यस्तो लागत साझेदारीको मोडालिटी व्यवस्थापन समिति आफैले तय गरे बमोजिम हुने ।

(ग) साविकको केन्द्रीय बाल कल्याण समिति र जिल्ला बालकल्याण समिति खारेज गरी सो समितिमा मनोनित तथा नियुक्त अध्यक्ष, सदस्य लगायत सबै पदाधिकारीहरूलाई निर्णय भएको मितिदेखि लागू हुने गरी पदमुक्त गर्ने । यसरी पदमुक्त गरिएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने।

(चन्द्र कुमार घिमिरे)
सचिव

मिति :२०७६/२/२८

श्री सचिव,

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।

केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिको चल-अचल सम्पत्ति, दायित्व र कर्मचारी राष्ट्रिय बालअधिकार परिषद् र स्थानीय बालअधिकार समितिमा हस्तान्तरण गर्ने विषयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको दर्ता नं. १२/६-०७६/२/२९ को प्रस्ताव मं.प.बै.सं. १४/०७६ मिति २०७६/३/१२ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु –

नेपाल सरकारको निर्णय —

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव
२०७६/३/१२